# बन्दिपुर गाउँपालिका

## कार्यपालिका बैठक माइन्युट

| मितिः २०८२।०८।२९ सोमबार | बैठक संख्याः ०८ (आर्थिक वर्ष २०८२।०८३) |
|---|---|
| अध्यक्षता | श्री सुरेन्द्र बहादुर थापा, गाउँपालिका अध्यक्ष |

| क्र. स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | कमल बहादुर के.सी. | सदस्य-सचिव | |

**एजेन्डाहरू:**

| सि.नं. | एजेन्डाको संक्षिप्त विवरण |
|---|---|
| १. | अघिल्लो बैठकको समीक्षा। |
| २. | नयाँ सहर डुम्रे भन्सार स्मार्ट सिटी निर्माण वारे। |
| ३. | बन्दीपुर अस्पताल H.A,फार्मेसी, ल्याबहरुको विज्ञापन गर्ने वारे। |
| ४. | कोल्ड स्टोर संम्बन्धमा। |
| ५. | गरीब घर परिवार शौचालय निर्माण वारे। |

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर,तनहुँ
गण्डकी प्रदेश,नेपाल

| | |
|---|---|
| ६. | आ.ब.२०८२/८३ को प्रथम चौमासिक सार्बजनिक सुनुवाई कार्यक्रमको भुक्तानी सम्बन्धमा। |
| ७. | बन्दीपुर गाउँपालिका भवन अभिलेखिकरण सम्बन्धी कार्यविधि,२०८२। |
| ८. | बन्दिपुर गाउँपालिकाको प्रशासकीय भवन सम्बन्धमा। |
| ९. | गाउँ सभा सम्बन्धमा। |
| १०. | ठेक्काको म्याद थप गर्ने सम्बन्धमा। |
| ११. | खानेपानि सरसफाई स्वस्च्छता सम्बन्धि गणकहरुको सम्झौता सम्बन्धमा। |
| १२. | अ.न.मी. सबिना न्यौपानेको अध्ययन बिदा सम्बन्धमा। |
| १३. | फिल्ड चेकजाचको खाजा खर्च सम्बन्धमा। |
| १४. | आर्थिक सहयोग सम्बन्धमा। |
| १५. | घुमाउने घर संरक्षण सम्बन्धमा। |
| १६. | किसान सूचीकरण कार्यक्रम सम्बन्धमा। |
| १७. | बिबिध। |

## बन्दिपुर गाउँपालिका

**कार्यपालिका बैठकका निर्णयहरु:-**

**मिति:-२०८२/०८/२९**

| नि.न. | विषय क्षेत्र/एजेण्डाहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | **अघिल्लो बैठकको समीक्षा।** | अघिल्लो बैठकको निर्णय उपर छलफल गरि कार्यान्वयनको अवस्थाको समीक्षा गरियो। |
| २. | **गाउँ सभा सम्बन्धमा।** | आ.ब. ०८२/८३ को १८ औं गाउँ सभा (हिउँदे) मिति २०८२/०९/१८ गते गर्ने निर्णय गरियो। |
| ३. | **ठेक्काको म्याद थप गर्ने सम्बन्धमा।** | आ.व. २०८२/८३ मा यस गाउँपालिकामा संचालित Construction of Cold Store (Contract ID: BRM/BLDG/02/2077-078) ठेक्काको मिति २०८२/०८/२९ सम्म म्याद कायम रहेकोमा उक्त ठेक्काको मिति २०८२/१०/२९ सम्म (२ महिना) म्याद कायम हुने गरी म्याद थप गर्ने निर्णय गरियो। |
| ४. | **खानेपानि सरसफाई स्वस्च्छता सम्बन्धि गणकहरुको सम्झौता सम्बन्धमा।** | बन्दीपुर गाउँपालिकाको वास योजना (WASH Plan) निर्माणको लागि बन्दीपुर गाउँपालिका भित्रको खानेपानि योजना, विद्यालयको सरसफाई, सार्बजनिक शौचालय, समुदायको सरसफाईको अवस्थाको अध्ययनको लागि घरधुरि तथ्याङ्क र खानेपानि प्रणालिको सर्वेक्षणको कार्य भई रहेको र आ.ब २०८२-०८३ को सुरु संगै बर्षात भएको र सर्बेको काम स्थगित गरिएको हुदा उक्त सर्बेक्षणलाई नियमित गर्न गणकहरु सुमन पाटा मगर र अतिस श्रेष्ठसँग सम्झौता गरि सर्बेक्षणलाई निरन्तर दिई वास योजना बनाउने प्रकृया अगाडि बढाउने निर्णय गरियो। |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर
अध्यक्ष

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ५. | गरीब घर परिवार शौचालय निर्माण वारे। | आ.ब.०८२/८३ मा विनियोजित गरीब घर परिवार शौचालय निर्माण शिर्षकबाट खर्च बेहोर्ने गरि पालिका भित्रका ६ वटा वडामा रहेका अति बिपन्न घर परिवारको लागि प्रति घर परिवार शौचालय निर्माणको लागि रु.३५०००/- पैतिस हजार रकम विनियोजित गर्ने निर्णय गरियो। |
| ६. | आ.ब.२०८२/८३ को प्रथम चौमासिक सार्बजनिक सुनुवाई कार्यक्रमको भुक्तानी सम्बन्धमा। | आ.ब.२०८२/८३ को प्रथम चौमासिक सार्बजनिक सुनुवाई कार्यक्रमको भुक्तानीकोलागि मध्य नेपाल ब्रोडकाष्टिङ प्रा.लि. बन्दिपुर-१ तनहुँलाई रु.४००००/- चालिस हजार भुक्तानी दिने निर्णय गरियो। |
| ७. | फिल्ड चेकजाचको खाजा खर्च सम्बन्धमा। | बन्दिपुर गाउँपालिका वडा न. १,४,र ५ अन्तर्गतका पृथ्वी राजमार्ग क्षेत्रको सर्भे तथा जग्गाको फिल्ड चेकजाच गर्न भुमि समस्या आयोगबाट आएका कर्मचारीलाई खाना र खाजा खुवाए बापतको खर्च रु.१४३२५/-भुक्तानी गर्ने निर्णय गरियो। |
| ८. | बँगुर प्रवर्द्धन कार्यक्रमको सूचना प्रकाशन | पशुपंक्षी तथा मत्स्य विकास शाखाको सशर्त कार्यक्रम तर्फ बँगुर प्रवर्द्धन कार्यक्रमको सूचना प्रकाशन गर्ने निर्णय गरियो। |
| ९. | आर्थिक सहयोग सम्बन्धमा। | मिति २०८२/०५/०१ गतेको कार्यपालिका बैठकबाट बन्दीपुर गाउँपालिका वडा नं. ६ बस्ने कर्ण बहादुर गुरूङ र ऐ. वडा बस्ने कृष्ण बहादुर गुरूङको घर वर्षाका कारण क्षति भएकोले निज व्यक्तिहरूलाई विपद व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरी आर्थिक सहायता दिने भनि निर्णय भएको तर रकम उल्लेख नभएकोले निज कृष्ण बहादुर गुरूङ र कर्ण बहादुर गुरूङलाई जनही रू २०,०००/-(अक्षरूपी बिस हजार) का दरले विपद व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरी आर्थिक सहायता दिने निर्णय गरियो। |
| १०. | घुमाउने घर संरक्षण सम्बन्धमा। | बन्दिपुर गाउँपालिका वडा न. ५ झारगाउँ र वडा न.३ रामकोटमा रहेका घुमाउने घरहरुको संरक्षणको लागि रु.४००००/-चालिस हजारका दरले खरको छाना छाउन रकम बिनियोजन गर्ने निर्णय गरियो। |
| ११. | किसान सूचीकरण कार्यक्रम सम्बन्धमा। | आ.व. २०८२/०८३ को स्वीकृत संघिय सरकार सशर्त अनुदान तर्फ किसान सूचीकरण कार्यक्रम बन्दीपुर गाउँपालिका वडा नं. १-४ सम्म सूचीकरण कार्य सम्पन्न भएकोले यस आ.व. २०८२/०८३ मा वडा नं. ५ र ६ मा किसान सूचिकरण सहजकर्ता खटाई सूचिकरण गर्ने निर्णय गरियो। |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर था
अध्यक्ष